# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५/७६

च.नं. ८५०

मिति : २०७५/९/२०

श्री गाउँपालिका (सबै)

**बिषय :- जानकारी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँ गाउँपालिका द्वारा गत आर्थिक बर्षमा स्थानीय सडक मर्मत संभार सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गरी प्रत्येक आर्थिक बर्षको अषाढ मसान्त भित्र कार्य सम्पन्न सहित तोकिएका कागजातहरु पेश गरी हिसाव फरफारक गर्नुपर्नेमा केही निकाय बाट सो नभएको र कार्यकारी समितिको मिति २०७५/८/३ को निर्णय बमोजिम च.नं. ७३८ मिति २०७५/८/२१ को पत्र मार्फत २०७५ पौष मसान्त भित्र हिसाव फरफारक गर्नुहुन भनी समेत जानकारी गराइएकोमा उक्त पत्राचार कार्यान्वयन नभएको हुँदा पुनः ताकेता गरिएको ब्यहोरा जानकारीको लागि निर्णयानुसार अनुरोध छ ।

..............................
(इ. कृष्ण सिंह बस्नेत)
कार्यकारी निर्देशक

**बोधार्थ**

श्री स्थानीय पूर्वाधार विभाग (डोलि)

श्रीमहल, पुल्चोक, ललितपुर : सबै स्थानीय तहलाई पत्राचार गरी पत्र तहाँ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको Website मा upload गरिदिने ब्यबस्थाको लागि अनुरोध छ ।

श्री प्रशासन शाखा: उपरोक्तानुसारको पत्र बोर्डको Website मा upload गरिदिनुहुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. :+९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal@gmail.com
वेभसाइट : www.rbn.org.np

# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५।७६
च.नं. ८५२

मिति : २०७५/९/१९

श्री गाउँपालिका (सबै)

**बिषय :- जानकारी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा चालु आर्थिक बर्ष २०७५/०७६ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि गाउँपालिका तर्फ बजेट बिनियोजन भएको ब्यहोरा तहाँ बिदितै छ । तत् सम्बन्धमा चालु आ.व. को स्वीकृत बजेटको परिधि भित्र रही तहाँ कार्यालयले ब्यहोर्नुपर्ने २० प्रतिशत सम्पुरक कोष (Matching Fund) समेत समाबेश गरी बार्षिक कार्यक्रम सहित तपशिल बमोजिमको आबश्यक कागजातहरु चालु आ.व. को पौष मसान्त भित्र स्वीकृत गरी सहमतिको लागि पेश गर्नुहुन भनी कार्यकारी समितिको मिति २०७५/८/३ को निर्णय बमोजिम च.नं. ७३७ मिति २०७५/८/२१ को पत्र मार्फत जानकारी गराइएकोमा अधिकाँस निकाय बाट सो पत्राचार कार्यान्वयन नभएको हुँदा पुन: ताकेता गरिएको ब्यहोरा जानकारीको लागि निर्णयानुसार अनुरोध छ । साथै यस बोर्डको सहमति बिना कुनै पनि कार्यक्रम कार्यान्वयन नगर्नु/नगराउनुहुन समेत अनुरोध छ ।

**तपशिल**

**सहमतिको लागि आबश्यक कागजातहरु**

सहमतिको लागि अनुरोध गरिएको पत्र

समझदारी पत्र

प्रतिबद्धता पत्र

बार्षिक कार्यक्रम

लागत अनुमान (लागत अनुमान तेरिज, दर बिश्लेषण)

उल्लेखित कागजातहरुको ढाँचा तथा स्वीकृत बजेट सम्बन्धी बिबरण यस बोर्डको वेभसाईट www.rbn.org.np बाट डाउनलोड गर्न सकिने ब्यहोरा समेत अनुरोध छ ।

(इ. कृष्ण सिंह बस्नेत)
कार्यकारी निर्देशक

**बोधार्थ**

श्री स्थानीय पूर्वाधार विभाग (डोलि)

श्रीमहल, पुल्चोक, ललितपुर : सबै स्थानीय तहलाई पत्राचार गरी पत्र तहाँ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको Website मा upload गरिदिने ब्यबस्थाको लागि अनुरोध छ ।

श्री प्रशासन शाखा: उपरोक्तानुसारको पत्र बोर्डको Website मा upload गरिदिनुहुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. : +९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np